## ललितपुर उप महानगरपालिकाद्धारा मिति २०७० साल कार्तिक ८ गते शुक्रवार ललितपुर उप महानगरपालिका कार्यालय भवनमा आयोजित आर्थिक वर्ष २०६९/२०७० को समिक्षा वैठकको प्रतिवेदन

ललितपुर उप महानगरपालिका कार्यालयद्धारा मिति २०७० साल कार्तिक ८ गते शुक्रवार दिउसो १२.३० वजे ललितपुर उप महानगरापालिका कार्यालय भवनमा आयोजित कार्यक्रमको सन्चालन शाखा अधिकृत श्री प्रेम वहादुर थापाले गर्नुभएको थियो । उक्त कार्यक्रमको ललितपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री तेज प्रसाद पौडेलज्यूको प्रमुख आतिथ्यतामा ललितपुर उपमहानगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री मोहन नाथ मास्के ज्युले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुका साथै कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्दै सहभागिहरुलाई कार्यक्रममा सक्रिय रुपमा सहभागि हुन अनुरोध गर्नुभएको थियो ।

ललितपुर उप महानगरपालिका कार्यालय अन्तर्गतका विभिन्न महाशाखा,शाखाहरुवाट आर्थिक वर्ष २०६९।०७० मा सन्चालन गरीएका कार्यक्रमहरु, परिषदवाट पारित नीति कार्यान्वयनको अवस्थाहरु लगायतका समग्र विषयहरुमा महाशाखा प्रमुख तथा शाखा प्रमुखहरु क्रमश: सार्वजनिक निर्माण महाशाखा प्रमुख श्री प्रविण श्रेष्ठ, शहरी विकास महाशाखा प्रमुख श्री रुद्र प्रसाद गौतम, समाज कल्याण महाशाखा प्रमुख श्री अशोक श्रेष्ठ, राजश्व प्रशासन महाशाखा प्रमुख श्री दानमान शाक्य, आर्थिक प्रशासन महाशाखा प्रमुख श्री सूर्यमाया ताम्रकार, प्रशासन महाशाखा प्रमुख श्री बाबुराजा महर्जन, कानून महाशाखा प्रमुख श्री खगेन्द्र प्रसाद वस्ती, नगर प्रहरी वल प्रमुख श्री कदमलाल महर्जन, सम्पदा संस्कृति, पुरातत्व संरक्षण केन्द्रका तर्फवाट शा.अ.श्री प्रेम वहादुर थापा, जनस्वास्थ्य शाखा प्रमुख श्री करुणा वज्राचार्य, वातावरण शाखा प्रमुख श्री प्रदिप अमात्य, वारुण यन्त्रको शाखा अधिकृत श्री राजेश शाक्यवाट कार्यक्रममा पावर प्वाइन्ट सहितको प्रस्तुतिकरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विभिन्न संघ संस्था र कार्यालयको तर्फवाट प्रतिनिधित्व गर्दै आउनु भएका व्यक्तित्वहरुले टिप्पणी सहितसुझावहरु दिनु भएको थियो । जिल्ला प्रशासन कार्यालय ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी श्री तेज प्रसाद पौडेल, ललितपुर उद्योग वाणीज्य संघका उपाध्यक्ष श्री गजेन्द्रलाल श्रेष्ठ, जेष्ठ नागरिक समाज ललितपुरका उपाध्यक्ष श्री बद्रि प्रसाद जोशी, महिला समुहका प्रतिनिधी श्री सरिता अवाले र बौद्ध विहार संघका प्रथम उपाध्यक्ष श्री पुष्प रत्न शाक्यले समिक्षात्मक टिप्पणी सहित आफ्ना सुझावहरु दिनु भएको थियो । त्यस्तै गरि ललितपुर नगर स्वास्थ्य सञ्जालका अध्यक्ष श्री पुरुषोतम कार्की, तथा रेडियो मिर्मिरेका प्रतिनिधी पत्रकार श्री वासुदेव तिमसिनाले पनि आफ्ना धारणाहरु राख्नुभएको थियो । उप महानगरपालिका कार्यालयका कर्मचारीको तर्फवाट पनि टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो । समाज कल्याण महाशाखा प्रमुख श्री अशोक श्रेष्ठ, शहरी विकास महाशाखा प्रमुख श्री रुद्र प्रसाद गौतम, नगर प्रहरी बल प्रमुख श्री कदम लाल महर्जन र ने.न.क.ए.ल.पु.उ.म.न.पा. अध्यक्ष श्री ज्ञानुरत्न महर्जनले आफ्ना भनाइहरु राख्नुभएको थियो ।

**<u>प्राप्त टिप्पणीहरु यसप्रकार रहेका छन्:</u>**

१. कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये वढुवा भएकालाई स्विकृत दरवन्दि अनुसारको जिम्मेवारी दिन नसक्नु ।
२. योजना छनौट, सन्चालनमा परिवर्तन र ढिलाई ।
३. योजना संन्चालन र फरफारकमा कम महत्व ।
४. नगर प्रहरी वललाई आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्था गर्न ढिलाई ।
५. सेवाग्राही र नगरवासीहरुको विचमा समिक्षा नहुनु ।
६. योजना सन्चालनमा भौतिक निर्माणलाई मात्र महत्व दिनु कला, संस्कृति, चाडपर्वलाई महत्व नदिनु ।
७. सामाजीक सुरक्षा भत्ता वितरण प्रक्रिया सरल सुलभ र प्रभावकारी ढंगवाट वितरण हुन नसक्नु ।
८. नगरपरिषदवाट पारित कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन नसक्नु ।
९. अनुगमन प्रणलिलाई व्यवस्थित रुपमा लान नसक्नु ।

**<u>सुझावहरु यसप्रकार रहेका छन्:</u>**

१. ललितपुर उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाहरुले कार्यक्रम सन्चालन गर्दा समन्वयात्मक ढंगवाट कार्यक्रम सन्चालन गर्नु पर्ने तथा लक्षित कर्यक्रमहरु छनौट प्रभावकारी हुनु पर्ने ।
२. उप महानगरपालिकाले सेवा ग्राहीहरु संग सम्वाद र सुझावहरु लिन सार्वजनिक सुनुवाईको कार्यक्रम राख्नु पर्ने ।
३ योजना तथा कार्यक्रहरु छनौट, सन्चालन, टिकाउ र दिर्घकालीन हुनु पर्ने ।
४. गैर सरकारी संस्था, उद्योग वाणिज्य संघ लगायतका अन्य संघ संस्थाहरु संग समन्वय हुन पर्ने ।
५. पारित नीति तथा कार्यक्रमलाई प्रभावकारि वनाउनु पर्ने साथै आवश्यकता अनुसारका नीति तर्जुमा गर्दे प्रभमवकारी कार्यान्वयन गरिनु पर्ने ।
६. पुरान पेश्किहरुको फट्यौट प्रभावकारी रुपमा गरिनु पर्ने ।

समिक्षा बैठकमा उठेका जिज्ञासाहरु, औल्याइएका कमी कमजोरीहरु र प्राप्त सुझावहरुको वारेमा प्रस्तुतकर्ता महाशाखा प्रमुख तथा शाखा प्रमुखहरुले संक्षिप्त जवाफ दिनु भएको थियो । प्रमुख तथा कार्यकारी अधिकृतज्युले जिज्ञासाको जवाफ, निमन्त्रणा स्विकार गरी आउनु भएकोमा तथा सक्रिय उपस्थित भई आ-आफ्नो तर्फवाट दिएका प्राप्त सुझाव जिज्ञासाको लागि धन्यवाद ज्ञापन तथा गर्नुका सथै औल्याइएका कमीकमजोरीहरु, प्राप्त सुझावहरु क्रमश: सुधार तथा कार्यान्वयन गर्दै जाने वचन दिनुहुदै कार्यक्रम समापन गर्नुभएको थियो ।